
# लेखापरीक्षण प्रतिवेदन

# ताप्ली गाउँपालिका, उदयपुर

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## ताप्ली गाउँपालिका, उदयपुर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/95

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
ताप्ली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुपाटार, उदयपुर ।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

**हाम्रो रायमा,**यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ती र भक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ५ करोड ३७ लाख ६८ हजार, पर्यटन पूर्वाधार विकास आयोजनाको रू. १४ लाख २६ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. ९ लाख र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू. २ करोड ५ लाख ५४ हजार समेत रु. ७ करोड ६६ लाख ४९ हजार सुत्र प्रणालीमा आवद्ध हुन सकेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्न सकेको छैन ।

२. गाउँपालिकाको रू. ८५ करोड ९८ लाख ४३ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा रू.१ करोड ५२ लाख ९८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा पालिकाबाट कुनै प्रतिक्रिया प्राप्त भएकोमा छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. २ लाख २१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५४ लाख ५९ हजार, नियमित गर्नुपर्ने रु. ७१ लाख २२ हजार र पेस्की बाँकी रू. २४ लाख ९५ हजार रहेको छ। गतवर्षसम्म रु. १८ करोड ३० लाख ५४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १८ करोड ८४ लाख ९ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने ताप्ली गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी ताप्ली गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्हित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

## बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७१ | २८ | १,५२,९८,९८३ | ० | ० | ० | ० | ७१ | २८ | १,५२,९८,९८३ | २,२१,८०० | ७१,२२,५५० | ५४,५९,२०९ | ० | ० | १,२५,८१,७५९ | २४,९५,४२३ |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| उदयपुर | १८,३०,५४,००० | ० | ९९,४३,२८० | १७,३१,१०,७२० | ० | १,५२,९८,९८३ | १८,८४,०९,७०३ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ३६ | कानुनी सल्लाहकार | २,१६,००० |
| २ | २०७७/७८ | ५३ | गणित विज्ञान शिक्षक अनुदान | १,७५,७५९ |
| ३ | २०७७/७८ | ३४ | पदाधिकारी सेवा सुविधा | २,९०,००० |
| ४ | २०७७/७८ | ४८ | शिर्षक फरक पारी खर्च | १४,५१,८५४ |
| ५ | २०७७/७८ | ३५ | अतिरिक्त सुविधा | ९४,९७३ |
| ६ | २०७८/७९ | १० | करार कर्मचारी | २४,१५,८३० |
| ७ | २०७८/७९ | ३५ | कानूनी सल्लाहकार | २,१६,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | ७२ | टुक्रा टुक्रा पारी खरिदः | ३८,३२,६९७ |
| ९ | २०७९/८० | १०१ | नाफामूलक संस्थालाई अनुदानः | २,००,००० |
| १० | २०७९/८० | ९७ | पदाधिकारी चाडपर्व खर्चः | २,८०,००० |
| ११ | २०७९/८० | ८५ | अन्य निकाय खर्चः | ३,३६,२३९ |
| १२ | २०७९/८० | ७० | भेरिएशन वेगर बढी परिमाण भुक्तानी: | ४,३३,९२८ |
| जम्मा | | | | ९९,४३,२८० |

# (८०१११५०२३०० - ताप्ली गाउँपालिका, उदयपुर )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडारहेको छ भने क्षेत्रफल ११९.११ वर्ग किलोमिटर तथा १४५६७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।२० देखि २०८१।८।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ८५,९८,४३,२६२.२० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १२९६३६.७८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.न. | वापत | दाखिला मिति | रकम |
|---|---|---|---|
| १ | मिटर खरिद वापत बांकी रकम | २०८१।८।२४ | ७५४२.७८ |
| २ | पुंजीगत तर्फ बढी भुक्तानी | २०८१।१०।२९ | १६००५.६४ |
| ३ | उपभोक्ता समिति बढी भुक्तानी | २०८१।१०।२९ | २०१४.०० |
| ४ | अग्रिम आय कर | २०८१।१०।२६ | ३७६९०.०० |
| ५ | दर्ता शुल्क असुल नभएको | २०८१।१०।२९ | ५००००.०० |
| ६ | पाठ्यपुस्तक बढी भुक्तानी | २०८१।१०।२५ | १६३८५.०० |
| | | जम्मा | १२९६३६.७८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको स्थिति**

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः-

१. एकिकृत आर्थिक विवरण

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **32004488.61** | १ | **चालु खर्च** | **247334144.01** | **247334144.01** |
| | क) संचित कोष | 19233574.73 | | २ | **पूँजीगत खर्च** | **80014754.09** | **80014754.09** |
| | ख) धरौटी खाता | 3545375.34 | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | **0** | |
| | ग) आन्तरिक राजश्व खाता | 2283680.76 | | | क) ऋण भुक्तानी | 0 | |
| | घ) बाँडफाँडबाट प्राप्त राजश्व खाता | 211331.63 | | | ख) ब्याज भुक्तानी | 0 | |
| | ङ) आन्तरिक अनुदान खाता | 4033321.54 | | | | | |
| | घ) चालु खर्च खाता | 1626457.96 | | | | | |
| | ङ) पुँजीगत खर्च खाता | 1070746.65 | | | | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | **65426186.99** | ४ | **लगानी** | | |
| | क) आन्तरिक राजस्व | 2665962.05 | | | ऋण लगानी | | |
| | ख) संघीय राजस्व बाँडफाँड | 60048102.68 | | | शेयर लगानी | | |
| | ग) प्रदेश सवारीसाधन कर | 2712122.26 | | | अन्य लगानी | | |
| | घ) अन्य आय | 0 | | ५ | **विभिन्न कोषतर्फको खर्च** | | **13857207.04** |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | **261212000** | | क) विविध खर्च खाता/कोष | 13186932.89 | |
| | क) वित्तिय समानीकरण अनुदान | 70215000 | | | ख) प्रकोप व्यावस्थापन कोष | 0 | |
| | ख) सशर्त अनुदान | 177497000 | | | ख) धरौटीफिर्ता | 670274.15 | |
| | ग) समपूरक अनुदान | 2600000 | | ६ | **जनश्रमदान फिर्ता** | | |
| | घ) विशेष अनुदान | 10900000 | | | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **14976000** | ७ | **अनुदान फिर्ता** | | **19191597.82** |
| | क) वित्तिय समानीकरण अनुदान | 4381000 | | | क) संघीय सरकार तर्फ फिर्ता | 18101084.23 | |
| | ख) सशर्त अनुदान | 10595000 | | | ख) प्रदेश सरकार तर्फ फिर्ता | 1090513.59 | |
| | ग) समपुरक अनुदान | 0 | | ८ | **मौज्दात** | | **17754338.39** |
| | घ) विशेष अनुदान | 0 | | | क) सञ्चित कोष खाता | 11469070.19 | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | **76649002.09** | | घ) धरौटी खाता | 5813047.86 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | क सामाजिक सुरक्षा | 53768390 | | | च) विविध खर्च खाता/कोष | 472220.34 | |
| | ख) पर्यटन पुर्वाधार विकास आयोजना | 1426109.84 | | | | | |
| | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | 20554502.25 | | | | | |
| | घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | 900000 | | | | | |
| ६ | **अन्य** | | | ९ | **अन्तर स्थानीय तहबाट भुक्तानी** | | **76649002.09** |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | | क सामाजिक सुरक्षा | 53768390 | |
| | ख) सडक बोर्ड नेपाल | | | | ख) पर्यटन पुर्वाधार विकास आयोजना | 1426109.84 | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | 20554502.25 | |
| | घ) एन एन एस डब्लु ए | | | | घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | 900000 | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | **4533365.75** | | | | |
| | क) विविध खर्च खाता/कोष | 1793472.89 | | | | | |
| | ख) प्रकोप व्यावस्थापन कोष | 0 | | | | | |
| | ग) धरौटी आय | 2739892.86 | | | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त** | | | | | | |
| ९ | **जनसहभागिता (नगद)** | | | | | | |
| १० | **लगानीको साँवा फिर्ता** | | | | | | |
| ११ | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | **454801043.4** | **454801043.4** | | **जम्मा** | **454801043.4** | **454801043.4** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ

आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.न. | शिर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ५४३६२२२४.०० | ५३७६८३९०.०० |
| २ | पर्यटन पुर्वाधार विकास आयोजना | १५०००००.०० | १४२६१०९.८४ |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९०००००.०० | ९०००००.०० |
| ४ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २०५५५०००.०० | २०५५४५०२.२५ |
| **जम्मा** | | ७७३१७२२४.०० | ७६६४९००२.०९ |

२.३ फरक हिसाब - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४४४४७२१.८७, यस वर्षको प्राप्ति रु. ११०२८७१२०.१७, यस वर्षको भुक्तानी रु.१०९६९७८०६.९५ र बैङ्क मौज्दात रु.१४६५०६२१.८० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २७५७०२२८.२४ | ३१२५०९४३४.६३ | ३२७३४८८९८.१० | ३१०३७१६.५९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३२०१४९५०.११ | ४२२७९६५५४.८० | ४३७०४६७०५.०५ | १७७५४३३८.३९ |
| फरक | ४४४४७२१.८७ | ११०२८७१२०.१७ | १०९६९७८०६.९५ | १४६५०६२१.८० |

२.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.२,९३,०७,२८४.०० मौज्दात रहेकोमा यो वर्ष सुत्र अनुसारको (म.ले.प.फा.नं.२७०) रु.२७५७०२२८.२४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१७,३७,०५५.७६ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,३७,०५५.७६ |

२.५ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।सो बमोजिम बैंक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टी गर्ने बैंक हिसाब मिलान बिवरण(म.ले.प.फा.न.२१२) तयार गरेको देखिएन ।पालिकाले देहाय बमोजिम श्रेस्ता अनुसार अषाढ मसान्तको बैंक मौज्दात रु.१७७५४३३८.३९ देखिएकोमा सो अवधिमा बैंक अनुसार बैंक मौज्दात रु.२१९२९०७४.४५ देखिएको छ भने फरक रकम रू.१५६४३८०६.२५ रहेको देखिन्छ ।पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः-

| सकेंत | खाताको प्रकार | स्रेस्ता अनुसार बाँकी रू. | बैंक अनुसार बाँकी रू. | फरक |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | ० | ४९४९६४२.८४ | ४९४९६४२.८४ |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ५३१७३२.०४ | ५३१७३२.०४ |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | ३५८३११.५४ | ३५८३११.५४ |
| ग ६.१ | स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | ११४६९०७०.१९ | ५६२९३८३.७७ | ५६२९३८३.७७ |
| ग ३.१ | स्धानीय तह धरौटी खाता | ५८१३०४७.८६ | ५८१३०४७.८६ | ० |
| ग २.१ | चालू खर्च खाता- विजोर वर्ष | ० | ४८४९८९.१२ | ४८४९८९.१२ |
| ग २.२ | चालू खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.३ | पूँजिगत खर्च खाता- विजोर वर्ष | ० | ३६८९७४६.९४ | ३६८९७४६.९४ |
| ग २.४ | पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.७ | विविध खर्च खाता | ४७२२२०.३४ | ४७२२२०.३४ | ० |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | ० | ० | ० |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ० | ० | ० |
| जम्मा | | १७७५४३३८.३९ | २१९२९०७४.४५ | १५६४३८०६.२५ |

२.६ सञ्चित कोषमा जम्मा (ट्रान्सफर) - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा रु.४९४९६४२.८४, चालु खातामा रू. ४८४९८९.१२, पुजीगत खातामा रू.३६८९७४६.९४(बैंक मौज्दात) मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा(ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.७ बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रु. ३७ करोड बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ३ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन ।यस सम्बन्धमा परीक्षण गर्दा गाँउपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण सँरक्षण लगायत आन्तरिकीकरणको लागि

एकिकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, गाँउपालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको, गाँउपालिकाले आफ्नो क्षेत्रभित्रत्का बिद्यालय गर्न अनुगमन मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, कार्यालयले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरुजु व्यबस्थापन सम्बन्धी फारामहरु अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम गाउँपालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ४ सेवा प्रवाह

कार्यालयको मूख्य उदेश्य हासिल गर्न सेवाग्रहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो ।पालिकाले यस बर्ष आर्थिक, सामाजिक र पुर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ निम्न सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरी र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | विवरण | सेवा प्राप्ती लागि निवेदन संख्या | सिफारिस संख्या (सेवा प्राप्ती) | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ३२० | ३२० | |
| २ | घरबाटो सिफारिस | ४५ | ४५ | |
| ३ | नाता प्रमाणीत | ८० | ८० | |
| ४ | अन्य | ४५० | ४५० | |
| जम्मा | | ८९५ | ८९५ | |

## ५ आन्तरिक आय तथा बिश्लेषण

५.१ आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रु.२०,००,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२६.६५,९६२.०८ अर्थात अनुमान भन्दा १३३ प्रतिशत बढी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथिपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

५.२ आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०,३९,९७,९००.१९ | २६.६५,९६२.०८ | ०.६६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

५.३ कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पतीकर | ५०,०००.०० | ३३,६३६.०० | ६७.२७ |
| भुमिकर/मालपोत | ५,००,०००.०० | ६,०१,४४०.४५ | १२० |
| वहाल कर | ४०,०००.०० | २६,५८९.०० | ६.६ |
| अन्य कर | २५,०००.०० | ५९,७९९.०० | २३९ |
| अन्य सेवा शुल्क तथा बिक्री | ० | ५,५५५.०० | |
| न्यायिक दस्तूर | ० | ७००. | |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | १,०१,२६०.०० | |
| सिफारिश दस्तुर | ५,००,०००.०० | ६,०७,५५६.६३ | १२१.५ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १,५०,०००.०० | १,८३,५००.०० | १२२ |
| नाता प्रमाणित दस्तुर | १,००,०००.०० | ३६,३००.०० | ३६ |
| अन्यदस्तुर | २५,०००.०० | २,४१,३३२.०० | ९६५ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ७४,०००.०० | |
| व्यवसाय कर | २,५०,०००.०० | ० | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

## ६ **एकमुष्ट बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने वजेटमा एकमुष्ट राख्न मिल्ने देखिदैन यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ट वजेट राख्न मिल्ने देखिदैन ।तर यस पालिकाले यो वर्ष रु.९७,५०,०००.०० एकमुष्ट बजेट व्यवस्था खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । एकमुष्ट बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् : -

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | समपुरक कोष | १३०००००.०० |
| २ | गाउँपालिकाको सडक मर्मत | ४००००००.०० |
| ३ | रोजगारी सिर्जना सामाग्री साझेदारी कार्यक्रम | ४०००००.०० |
| ४ | श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम | ५००००.०० |
| ५ | आर्थिक सहयोग | १००००००.०० |
| ६ | राहत सामाग्री वितरण | १००००००.०० |
| ७ | कार्यालयलाई आवश्यकपर्ने विद्युतीय सामाग्री खरिद | २००००००.०० |
| जम्मा | | ९७५००००.०० |

## ७ **सेवा प्रवाह**

स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वियन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवनमा पहुच मार्ग तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइ लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन नसकेको अवस्था छ । गाउँ/ नगर सभाबाट धेरै सङ्ख्यामा स-साना टुक्रे योजना पारित हुने, पारित योजनाहरू कार्यान्वियन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, कानुनअनुसार खरिद प्रक्रिया अबलम्बन नहुने, दिगो योजना नबनाउने लगायतका समस्या रहेका छन् । स्थानीय तह आफैँले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत गराउने कार्यहरूको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन।

## ८ **खर्चको स्थिति तथा बिश्लेषण**

८.१ क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । निम्न विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी १.६४ प्रतिशत र सामाजिक विकास सबै भन्दा बढी ५६.३० प्रतिशत रहेको छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३०७०२१९५.८० | २५६०२१३०.७१ | ७.८ |
| २ | पूर्वाधार विकास | ७२५७४४९२.४६ | ५२४३२३४२.४५ | १६.०३ |
| ३ | सामाजिक विकास | २०८४०७०००.०० | १८४२८३६३७.३३ | ५६.३० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६३३३०००.०० | ५३३९३०६.०९ | १.६४ |
| ६ | कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ६३४५६१७२.१० | ५९६९१४८१.५२ | १८.२३ |
| **जम्मा** | | **३८१४७२८६०.३६** | **३२७३४८८९८.१०** | **१००** |

८.२ त्रैमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ८००१४७५४.०९ | ५४१५४५६.९२ | १४७४२९४.२१ | २४८६६४५१.१७ | ४८२५८५५१.७३ | ३७९४२३७६.५९ |
| प्रतिशत | १०० | ६.७७ | १.८४ | ३१.०८ | ६०.३१ | ४७.४२ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.८००१४७५४.०९ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ५४१५४५६.२१(६.७७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १४७४२९४.२१(१.८४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. २४८६६४५१.१७ (३१.०८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ४८२५८५५१.७३(६०.३१ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरीनै आषाढ महिनामा मात्र रु. ३७९४२३७६.५९ (४७.४२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

८.३ खर्च बिश्लेषण - पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. २६६५९६२.०५, राजस्व बाँडफाँड र अनुदानबाट रु.३३८९४८२२४.९४ समेत रु.३४१६१४१८६.९९ आम्दानी भएकोमा चालु तर्फ रु.२४७३३४१४४.०१ र पूँजिगत तर्फ रु.८००१४७५४.०९ समेत रु.३२७३४८८९८.१० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु.५००११८५.०० खर्च भएको छ जुन आन्तरिक आयको १८७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२ प्रतिशत चालु र २३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ९ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

## १० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्यस्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## ११ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति

तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## १२ सुधार गर्नुपर्ने सैद्धान्तिक पक्षहरु

१२.१ नापी किताब - निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ ।पालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिलअनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखीठेक्का बिलअनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्थाअनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनुपर्दछ ।

१२.२ कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ५ वटा नियमावली, २३ कार्य विधि, ५ निर्देशिका र नम्स २ गरी ५२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले ४१ वटा कानूनहरु निर्माण गरी सभा\कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु मध्ये सम्पुर्ण कानुनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ।र पालिकाले आवश्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वियनमा ल्याउनुपर्दछ ।

१२.३ न्यायिक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष ८ मुद्दा तथा विवाद दर्ता भएकोमा १० वटा मात्र फर्स्यौट भई ५ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

१२.४ सहकारी नियमन - ताप्ली गाउँपालिकाको सहकारी ऐन, २०७९ को दफा ७४ अनुसार सहकारी दर्ता गर्ने अधिकारीले आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिना भित्र सहकारी संस्थाको निरीक्षण गरी सञ्चालनमा रहेको संस्थाको विवरण, अनुगमन गरेको सहकारी संस्थाको संख्या, आर्थिक कारोबारको विवरण, सहकारी कानुन पालनाको अवस्था, सहकारीमा सदस्यको सहभागिता तथा सदस्यले सहकारीबाट प्राप्त गरेको सुविधा लगायतका व्यहोराहरु खुलाई वार्षिक प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्ने व्यबस्था रहेको छ र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाभित्र दर्ता भएका सहकारी संस्थाको विवरण तथा उक्त सहकारी संस्थाको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणको क्रममा पेश भएन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१२.५ सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था

बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफ देहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१२.६ फोहरमैला व्यवस्थापन - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१२.७ जिन्सी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः · यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । · नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

१२.८ बेरुजू अभिलेख - पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ ।

- म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत
- म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन
- म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख ।

१२.९ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| **घर जग्गा क्षेत्रफल र संख्या सहित** | | | | |
| गापा भवन रहेको जग्गा | २०७४ | ११ | २१००००० | जग्गा प्राप्ति निशुल्क |
| वडानं 5कार्यालय को जग्गा | २०५३ | १ | १८००० | खरीद |
| उपस्वास्थ्य चौकी इनामे | २०७१।४।५ र २०७५।३।२४ | ९ | ४७५००० | खरीद तथा निशुल्क |
| उपस्वास्थ्य चौकी चिसापानी | २०६३।५।६ | १ | ३२५००० | निशुल्क |
| उपस्वास्थ्य चौकी ओख्ले | | | | निशुल्क |
| वडा नं 1कार्यालय | २०७५ र २०७७ | १ | १०००००० | खरीद |
| उपस्वास्थ्य चौकी ठानागाउँ | २०८० | | | निशुल्क |
| गाउँपालिका, वडा कार्यालय, र उपस्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्र समेत भवनको संख्या | | १५ | | वडा नं 3 र वडा नं 4 को भवन निर्माणाधिन ,अस्पताल निर्माणाधिन |
| **सवारी साधन (रु.१ लाखभन्दा बढी)** | | | | |
| ट्याक्टर | २०७५ | १ | १६८११८१ | खरीद |
| मोटर साइकल | | १६ | ३८७९८१८ | खरीद |
| पिकप | | ५ | १४०२०००० | खरीद |
| **उपकरण (रु.१ लाखभन्दा बढी)** | | | | |
| ब्याक हु लोडर | | १ | ४१००००० | खरीद |

## १३ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ भने संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको प.स. ०७६।७७, च.न. १८० र मिति ०७६।५।१८ (मन्त्रिस्तरिय) को निर्णय अनुसार स्थानीय तहका कर्मचारी र सघंबाट स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकका सम्बन्धित जिल्लाको को.ले.नि.का. बाट तलब प्रतिवेदन पारित गराइ तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका कर्मचारीहरुको रु १,५७,३७,४७५/-. र शिक्षा तर्फ ६,००,४९,५४०/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## १४ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवशयकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन सरँचना कायम हुने साथै सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायत पदमा करार सेवामा कर्मचारी राख्न सक्ने उल्लेख छ। गाँउसभाबाट स्वीकृत भएको सङ्गगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित ६५ जनाको दरबन्दी स्वीकृत रहेकोमा ४१ जना मात्र पदपुर्ति भई बाकी २४ पद

रिक्त रहेकोमा करार कर्मचारी ३६ जना राखी वर्षभरिमा जम्मा रु.२४९५२३४/- भुक्तानी गरेको पाइयो।कार्यालयमा महत्वपूर्ण मानिएका पदहरु अधिकृत, सहायक पाचौ र सहायक चौथो दरवन्दि रहेकोमा पदपूर्तिको लागी प्रदेश लोकसेवा आयोगमा माग गरी पठाएको नपाइएकोले अझै धेरै पदहरु करारमा राख्नु पर्ने अवस्था देखिएकोले पदपूर्तिको लागी प्रकृया थाल्नु पर्ने देखिन्छ।ऐनले तोकेको पद बाहेक इन्जिनियर१ ,मुखिया१, ल्याव असिष्टेन्ट१, लाई करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी राखि खर्च गरेको रकम नियम सम्मत नदेखिएको रु

| अनियमित भएको | १३,८४,६३९ |
|---|---|

## १५ कृषि अनुदान वितरण

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्यआदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट देहाय बमोजिम रु ४०,००,०००/- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र.सं. | अनुदानको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | दलित विपन्न द्वन्द पिडित महिला पशुपालन | ५जना | ५०० |
| २ | व्यवशायीक वंगुर पालन | ५जना | ५०० |
| ३ | कुखुरा पकेट कार्यक्रम | १ समुहमा | ५०० |
| ४ | बाख्रा प्रर्वद्धन कार्यक्रम | २समुहमा | २०० |
| ५ | लागत सहभागिता बाख्रा पकेट | २ समुहमा | १००० |
| ६ | बाख्रा पकेटकार्यक्रम | १ समुहमा | ७०० |
| ७ | सन्तुला पकेट कार्यक्रम | ३समुहमा | ६०० |
| | | जम्मा | ४००० |

## १६ शिक्षक नियुक्ति

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ताका लागि ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । चालु समनिकरण अनुदानबाट विद्यालयलाई रकम निकासा गर्दा स्विकृत दरवन्दि, शिक्षक विद्यार्थीअनुपात र शिक्षक नियुक्ति प्रतिस्पर्धात्मक विधिबाट हुनु पर्दछ । पालिकाबाट यस वर्ष १८ दरवन्दी थप गरी १८ विद्यालयमा शिक्षक नियुक्त गरी रु २८,१९,९३४/- खर्च लेखेको पाइयो । पालिकाले शिक्षक विद्यार्थी अनुपात विश्लेषण नगरेको, दरवन्दी रिक्त नरहेको साथै शिक्षक नियुक्ति पश्चात विद्यार्थि संख्या थप भए नभएको शैक्षिक गुणस्त बृद्धि भए नभएको विश्लेषण नगरेकोले उक्त निकासा नियम सम्मत नदेखिएको रु

| अनियमित भएको | २८,१९,९३४ |
|---|---|

## १७ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष वडा कार्यालय समेत विविधमा रु.३१,१५,६७८/- खर्च गरेको पाइयो ।

पालिकाले विविध खर्च लेख्दा प्रयोजन नखुलाई पालिका अन्तर्गत चमेना गृहका अतिरिक्त विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खर्च गर्ने गरेको पाइयो । पालिकाले मितव्ययी रुपमा विविध खर्च गर्दै यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

## १८ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८००१४७५४.०९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो।अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## १९ पेश्की बांकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.६५४४१८१.१६ बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की रू.२४,९५,४२३.९३ फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्दछ ।

| सि.नं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | चालु आ.व. | |
|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको |
| **ठेकेदारको पेश्की** | | | | | |
| १ | १२/०३/२०८० | वडा कार्यालय भवन वडा नं ४ | रोयल साइनिङ्ग स्टार कन्स्ट्रक्सन प्रा.लि. | ४,०८,०००.०० | |
| २ | १२/१८/२०८० | वडा कार्यालय भवन वडा नं ३ | त्रिकाल ईन्जिनियरिङ सोलुसन प्रा.ली. | २,५०,२८०.११ | |
| ३ | १२/१९/२०८० | श्री मा.बि. झिल्केपोखरी , ताप्ली गा पा ३ उदयपुर नमुना मा बि कार्यक्रमको निरन्तरता | त्रिकाल ईन्जिनियरिङ सोलुसन प्रा.ली. | २,०५,१४३.२३ | |
| ४ | १२/१९/२०८० | वडा कार्यालय भवन वडा नं ४ | रोयल साइनिङ्ग स्टार कन्स्ट्रक्सन प्रा.लि. | २,४३,९५९.४६ | |
| ५ | ०१/१६/२०८१ | यारीखोला सतिजंघार मोटरेवल पुल | आर्यन/बि एन बि/साहिल जे.भी. | २८,९६,३७४.४३ | |
| ६ | ०३/०४/२०८१ | समपुरक कोष | धनसुना कन्स्ट्रक्सन | | १,४८,०००.०० |
| ७ | ०३/०७/२०८१ | समपुरक कोष | धनसुना कन्स्ट्रक्सन | | १,४८,०००.०० |
| जम्मा | | | | ४०,०३,७५७.२३ | २,९६,०००.०० |
| **उपभोक्ता समिति** | | | | | |
| १ | ११/१४/२०८० | खानेपानी संरचना निर्माण | रुपाटार खानेपानी योजना मर्मत | ४५,०००.०० | |
| जम्मा | | | | ४५,०००.०० | |
| **आपुर्तिकर्ता पेश्की** | | | | | |
| | १२/२३/२०८० | समपुरक कोष | नेपाल बिद्युत प्राधिकरण | | २१,९९,४२३.९३ |
| जम्मा | | | | ४५०००.०० | २१,९९,४२३.९३ |
| **कुल जम्मा** | | | | **४०४८७५७.२३** | **२४९५४२३.९३** |

| | |
|---|---|
| पेश्की | २४,९५,४२३ |

## २० आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोराहरु

२०.१ गाउँपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो.भा.न.४ बाट इन्टरफेस कम्प्युटर सिस्टमलाई मेसिनरी औजार वापत रू ३१६४५.०० भूक्तानी गरेको उक्त खर्च पुंजिगत शिर्षकबाट गरेको हुँदा नियम संगत देखिएन ।

२०.२ गाउँपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने छ ।भौचर नं. ६ इन्फोटेक सप्लायर्सबाट रू. ९८३९६.०० सफ्ट भेन्चरबाट रु. ४७८५६.०० भूक्तानी भएको हुँदा जसमा १ थान कम्प्युटर १ थान प्रिन्टर १६ पिस माउस भएको उल्लेख छ सो को प्रयोजन कहाँ भएको हो स्पष्ट नभएको।

२०.३ गाउँपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ ।भौचर नं.१४ बाट पोखरेल सन सप्लायर्सलाई कार्यलय विद्युतिय सामाग्री खरिद भनि रु १९९३३९ भूक्तानी गरेको देखिन्छ जुन पुंजिगत शिर्षकबाट खर्च भएको हुँदा यस्तो खर्च नियम संगत देखिदैन।

२०.४ गाउँपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ ।भौचर नं. २३ बाट मदन रेफ्रिजरेशन लाई विद्युतिय सामाग्री खरिद वापत रु ४७९१२ भूक्तानी गरेको देखिन्छ, उक्त खर्च पुंजिगत शिर्षकबाट खर्च भएको हुँदा यस्तो खर्च नियम संगत देखिदैन।

२०.५ गाउँपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ ।भौचर नं. २२ क्रियेटिभ साइनेज नेपाल प्रा लि लाई विद्युतिय सामाग्री खरिद भनि रु ४९३८१२ भूक्तानी गरिएको पाइन्छ यस्तो खर्च पुंजिगत शिर्षकबाट खर्च भएको हुँदा यस्तो खर्च नियम संगत देखिदैन ।

२०.६ गाउँपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने छ ।भौचर नं. ५५ बाट इन्टरफेस आइटी सोलुसनबाट सामाग्री खरिद वापत रु २१४१३५ पुंजिगत शिर्षकबाट खर्च भएको हुँदा यस्तो खर्च नियम संगत देखिदै साथै उक्त सामाग्री खरिदको कोटेशनको कागज पुरा नभएको साथै ल्यापटप खरिदको भरपाइ नभएको।

२०.७ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने छ ।भौचर नं. ५७ बाट मानसरोवर हेल्थलाई औषधि खरिद वापत रकम रु. ५३१९७४ भूक्तानी भएको जसको माग फारम, खरिद आदेश नभएको देखिन्छ सो को हस्तान्तरण वितरण भरपाई तथा दाखिला प्रमाण राख्नु पर्दछ ।

२०.८ गाउँपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने छ । भौचर नं. १५५ हिमाल इन्जिनियरिङ्गलाई सामाग्री खरिद वापत रकम रु २९७३३१ भूक्तानी भएको देखिन्छ जुन सार्वजनिक स्थलमा डस्टविन व्यवस्थापन भनि उल्लेख छ जुन कहाँ कहाँ प्रयोग गर्ने हो प्रयोग भए नभएको सम्बन्धमा अनुगमन प्रतिवेदन पेश नभएकोले सो को प्रतिवेदन पेश गर्नुपर्ने ।

२०.९ गाउँपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने छ ।भौचर नं. २२५ बाट ओभरड्राफ्ट इस्टिलाई योजनाको रकम भूक्तानी रु १३६८०० भएको देखिन्छ जुन निवेदनमा खुलाए अनुसार अविरल वर्षाका कारण पालिकाका अधिकांश सडकहरु अवरुद्ध भएको मुख्य सडक खोल्नका लागि सम्झौता गरेको भनेर उल्लेख गरेको छ, जसको लागत अनुमान कार्यसम्पन्न प्रतिवेदन अनुगमन प्रतिवेदन नभएको हुँदा सो को प्रमाण पेश गर्नु पर्दछ ।

२०.१० शिक्षा पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने छ । भौचर नं. २ बाट नेपाल ट्रेडिङ्ग एण्ड हार्डवेयर प्रा लि लाई दुइवटा ट्याङ्की खरिद वापत रु १३००० भूक्तानी भएको देखिन्छ सो को वितरण भरपाई पेश गर्नुपर्दछ ।

२०.११ शिक्षा पुंजीगत- भौचर नं. २० बाट स्काउट तालिमको भूक्तानीमा प्रशिक्षकहरु संगम शाही, जयप्रकाश महतो, रुद्र नारायण श्रेष्ठले रकम बुझेको भरपाईमा दस्तखत नभएको देखियो सो कार्यक्रममा कार्यक्रम प्रस्ताव स्विकृत नभएको कार्य सम्पन्न प्रतिवेदन तयार नभएको देखियो, ब्यागको बिलमा रू. ७५६२५ भूक्तानी भएको ले सो को जिन्सी दाखिला तथा वितरण भरपाई नभएको, खाजा खानामा यज्ञराज सुनुवारलाई रु १३६२५० भूक्तानीको कागजी भरपाई गरेको हुँदा यस्तो रकम निजको खातामा भूक्तानी गर्नु उपयुक्त देखिएन ।

२०.१२ शिक्षा पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने छ ।भौचर नं. 38 पाठ्यपुस्तक निर्माण तथा छपाई वापत रकम भूक्तानी रु १०३००० भएको हुँदा पाठ्यपुस्तक लेखन समिति भनेर १३ जनालाई रु ५३००० रकम भूक्तानी गरेको देखिन्छ सो समितिको वैठक उपस्थिति पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्दछ ।

२०.१३ शिक्षा पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने छ । भौचर नं.४१ श्री क्याप्टेन पर्शुराम पदम राई क्याम्पस बलम्तालाई छात्रवृति भनि रु १००००० भूक्तानी गरिएको छ सो सम्बन्धमा पुष्टि हुने कागजहरु नभएकोले सो को प्रमाण पेश गर्नुपर्दछ ।

## २१ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएकोमा प्रत्येक त्रैमासिकमा नगराई वार्षिक रुपमा एक पटक मात्र गराई प्रतिवेदन गरेको पाइयो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## २२ ठेक्का अभिलेख तथा स्थिति

२२.१ ठेक्का अभिलेख - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२२.२ ठेक्का व्यवस्था - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ४.२० देखि ५०.१० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Road | 07/TRM/UDA/NCB/2079/080 | Shankarapur indrayani Construction Pvt.Ltd. | 2548105.73 | 1699222.98 | 33.31 |
| २ | भवन | 02/TRM/UDA/NCB/2077/078 | रौताहा कन्स्ट्रक्सन पा.लि | 79439620.83 | 53498600.28 | 32.65 |
| ३ | भवन | 01/TRM/UDA/NCB/2076/077 | आशिर्वाद सगरमाथा जे.भी | 68338771.2 | 65469805.85 | 4.20 |
| ४ | Road | 08/TRM/UDA/NCB/2079/080 | Shankarapur indrayani Construction Pvt.Ltd. | 4807684.84 | 3198924.07 | 33.46 |
| ५ | Road | 02/TRM/UDA/NCB/2079/080 | Tribeni engineering And Suppliers Pvt.Ltd. | 6924991.81 | 4216370.23 | 39.11 |
| ६ | Road | 06/TRM/UDA/NCB/2079/080 | Global Construction | 4618962.77 | 2725185.48 | 41 |
| ७ | Road | 01/TRM/UDA/NCB/2079/080 | Tribeni Engineering And Suppliers Pvt.Ltd | 11489062.82 | 6890565.74 | 40 |
| ८ | Road | 05/TRM/UDA/NCB/2079/080 | Shankarapur indrayani Construction Pvt.Ltd. | 2860033.27 | 1427064.84 | 50.10 |

## २३ योजना प्राथमिकिकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार पालिकास्तरका कुल १३४ योजना सम्पन्न गरिएको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १३४ | ११ | १५ | १०८ |
| २. | वडास्तरीय | ० | ० | ० | ० |
| जम्मा | | १३४ | ११ | १५ | १०८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका योजना मध्ये १३४ योजनामात्र कार्यान्वयन भएको देखिन्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## २४ जटिल संरचना निर्माण

गाउँपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:-

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १६८\०८१\३\१७ | लखनडाँडा ट्याङ्की निर्माण उ.स. | पानी ट्याङ्की | १९२०००.०० |
| २४३\०८१\३\२४ | महकला टोल विकास संस्था | सभाहल निर्माण | २२६१२७.०७ |
| २२२\०८१\३\२३ | गैरीगाउँ टोल विकास संस्था | भवन निर्माण | २३५५२६.७६ |
| **जम्मा** | | | **६५३६५३.८३** |

## २५ ढुंगाको प्रयोग

गाउँपालिका पुंजीगत- सडक विभागको नर्म्सको Section-900 अन्तर्गत Hard Rock को काम भएको अवस्थामा ५० प्रतिशतसम्म उक्त ढुङ्गा प्रयोगमा ल्याउन सकिने गरी नर्म्स कायम गरेको छ । सो अनुसार पालिकाले समेत यसको अनुसरण गर्नुपर्दछ । पालिकाले विभिन्न स्थानको वाटो वनाउदा कडा चट्टान देखिएकोमा उक्त चट्टान काटने काम गरेको देखिन्छ। यसरी ढुंगा निस्कनेमा ढुंगाको प्रयोग देखाएको छैन। प्रदेश आर्थिक ऐनमा गिट्टी ढुंगा वालुवाको प्रति घन फिट दर रू. ९.०० कायम गरेकोमा वाटो वनाउने काममा त्यस्ता ढुंगा निस्केकोमा रोयल्टी समेत संकलन गरेको देखिदैन। उदाहरणको लागि वडा नं. २ र ३ को सडकहरु मर्मत गर्ने कार्यको लागि कडा चट्टानको १८९.९६ घनमिटरको काम गरी यस काममा रू.१६१३८०.३६ त्रिवेणी ईन्जिनियरिङ्ग एन्ड सप्लायर्स प्रा.ली.,कटारीलाई भुक्तानी गरेको छ। उक्त चट्टान कम्तिमा आधा प्रयोगमा आउने अवस्थामा रोयल्टी संकलन गरेको छैन भने सोही योजनामा ग्याबिल जालीमा ढुंगा भर्ने काम भएकोमा उक्त कामहरुमा ढुंगा प्रयोग हुन सक्ने अवस्थामा यसतर्फ ध्यान नदिई प्रयोगविहिन राख्नु उचित देखिएन। प्रयोग हुन सक्ने अवस्थालाइ मध्यजनर गरी सोही सामग्री प्रयोग गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

## २६ अधुरा आयोजना

गाउँपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसार रु. ५१६१८७२०.०० का ४ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ ।यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ।सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| योजनाको नाम | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो बर्षसम्मको खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| Wada Office Construction Tapli-3 | Trikal Engineering solution Pvt.Ltd. Triyugaa -11 | 2080/11/22 | 2081/10/15 | 4207659.92 | 997719.89 | 23.71% |
| Wada Office Construction Tapli-4 | Royal Sing Star Construction Pvt.Ltd. Udayapur Gadhi -8 | 2080/11/22 | 2081/10/15 | 4672599.77 | 596041.54 | 12.75% |
| Yari Khola Satijangar Motrewal Pul | Aaryan/Bmb/Sahil J.V | 2081/01/09 | 2083/01/09 | 35990841.5 | 7571479.97 | 21.03% |
| Model Design Of Shree Ma.Vi. Jhilke Pokhri tapli-3 | Trikal Engineering solution Pvt.Ltd. Triyugaa -11 | 2080/11/22 | 2081/10/15 | 6747619.11 | 3514856.77 | 52.1% |
| **जम्मा** | | | | 51618720.00 | 12680098.00 | |

## २७ बीमा

गाउँपालिका पुजीगत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले सम्झौता गर्दा बिमा नगराउने तथा सम्झौता गर्दाका बखत बिमा गराएता पनि निर्माण कार्यको म्याद थप हुदा बिमाको पनि

म्याद थप गर्नुपर्नेमा सो नगरी निर्माण कार्य स्वीकार गरेको देखिन्छ ।कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।नमुना छनौटका रुपमा हेरिएका योजनाका केही उदाहरणः-

| ठेक्का नं.\योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | विओक्यू मा वीमा रकम | कैफियत |
|---|---|---|---|---|
| 03/TRM/UDA/NCB/080/81 | PK निर्माण सेवा | ११५२४२९.५० | २०००० | बिमा अवधि कम भएको तथा फोटोकपी प्रति राखेको |
| 14/TRM/UDA/NCB/080/81 | शिवशक्ति निर्माण सेवा, उदयपुर | १९७८७९२.६७ | ४८००० | बिमा नगरेको |

२८ **कार्य सम्पादन जमानत**

गाउँपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारका निर्माण कार्यको कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधी सम्मको देखिएन।कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ म्याद थप गरी बैँक जमानतको म्याद थप नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

| सि.न. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कार्य सम्पादन जमानत रकम | म्याद सकिने मिति | काम समाप्त भएको\हुने मिति | म्याद थप भएकोमा कायम भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | कटहरे नारिमाला सडक योजना | महाभारत ताप्ली कन्स्ट्रक्सन ताप्ली, उदयपुर | २१७२०० | २०८२।१।३ | २०८१।३।१९ | नभएको |
| २ | वडा नं. ४ भवन निर्माण | रोयल साइनिङ्ग स्टार कन्स्ट्रक्सन प्रा.ली. | ६८५५०० | २०८१।११।२५ | २०८१।१०।१५ | नभएको |
| ३ | वडा नं. ३ भवन निर्माण | त्रिकाल ईन्जिनियरिङ्ग सोलुसन, प्रा.ली., गाईघाट | ९१६००० | २०८१।११।२२ | २०८१।१०।१५ | नभएको |

२९ **मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा मा प्रापकलाई तोकिए वमोजिमको प्रिन्टेड कर विजक जारी गर्नु पर्ने उल्लेख छ । इन्टरनेट सेवा प्रदायक लिम्चुङ्गबुङ्ग मिडिया पालिकामा पेश गरेको सवै विजक हातले लेखेको र केही विजकहरुमा विजन नं. उल्लेख नगरेको पाइएकोले कुल भुक्तानी भएको रु ८४०७२० ।०० मूल्य अभिवृद्धि रु ९६७२०।०० सहित भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर समायोजनको पत्र पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९६,७२० |

३० **प्रमाण पेश हुनु पर्ने**

४२३-२।२२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३को १( ख ) मा नापी कितावको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ ।पालिकाले हिमशिखर हार्डवेयरबाट विभिन्न साइजका पाइप रु ९,९०,६८७ मा खरिद गरी १९ वटा समुहलाई वितरण गरेकोमा सो को नापी तथा अनुगमनको रिपोट पेश हुनुपर्ने रू.

| फर्म/संस्थाको नाम | पाइपको विवरण |
| --- | --- |
| पोखरी वल्लो टोल | २००० मीटर |
| मदाने तिल्कीनटार | ७००मीटर |
| लेख्पाउँ चिप्लेटी | १०००मीटर |
| सानागाउँ टोल विकास संस्था | ५००मीटर |
| खोल्मे कँलाटे कस्केली | ६००मीटर |
| लखनडाँडा | १०००मीटर |
| साकेला खानेपानी | ५००मीटर |
| शिवशक्ती कृषि तथा पशुपादन समुह | २५००मीटर |
| आँपचौर टोल विकास संस्था | ५००मीटर |
| पिपल भन्ज्याङ्ग खानेपानी | ६५०मीटर |
| पात्लेपानी केरावारी | ४००मीटर |
| शिखरपुर | ७००मीटर |
| दगलेपाटी टोल | ५००मीटर |
| निगलबास सिरान टोल | ५००मीटर |
| खानी डाँडा | २००मीटर |
| मादेन भिमसेन टोल | ५००मीटर |
| मनदाता शिरुडाँडा | ४००मीटर |
| श्रीमावि झुल्के पोखरी | ११७५०मीटर |
| लक्ष्मि राउत | ४००मीटर |

| | |
| --- | --- |
| प्रमाण पेश नगरेको | ९,९०,६८७ |

३१ **लागत अनुमान तयार नगरेको**

१११-२।१७ सर्शत चलु सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ (१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही तयार गर्नु पर्ने उल्लेख छ ।पालिकाले नेट मर्मतको लागी लिम्चुङ्गवुङ मिडिया लाई डिभाइस, तार, राउटर RJ 45 को सामान तथा ढुवानी र लेवर चार्ज समेत रु ३६०१३४ भुक्तानी भएकोमा सो को लागत अनुमान तयार नगरेको रु

| | |
| --- | --- |
| प्रमाण पेश नगरेको | ३,६०,१३४ |

३२ **स्पेशिफिकेशन तथा लागत अनुमान तयार नगरेको**

६०७- ३।२४ गाँउपालिका चालु सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ (१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही तयार गर्नु पर्ने उल्लेख छ भने नियम ८५( ९) मा खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ।कार्यालयले कृषिसँग अध्यक्ष हरियाली कार्यक्रम अन्तर्गत विरुवा छोप्ने पिजंडा रु ६४४००० मा खरिद गरेकोमा सो को स्पेशिफिकेशन तथा लागत अनुमान तयार नगरेको खरिद आदेश नभएको र जिन्सि दाखिला समेत नभएकोले सथै सामाग्री प्रयोगको नापी किताव पेश नभएकोले प्रमाण कागजाँत पेश हुनु पर्ने रु..

| प्रमाण पेश नगरेको | ६,४४,००० |
|---|---|

३३ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ भने अर्थमन्त्रालय एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार तोकीएको शिर्षकबाट खर्च लेख्नु पर्दछ।पालिकाले देहायका खर्च लेख्दा शिर्षक फरक पारी खर्च लेखेको पाइएकोले उत्त खर्च अनियमित देखिएको रू.

| भौनं मिति | विवरण | खर्च लेखेको शिर्षक | खर्च लेख्नु पर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| १८७-११।२ | गाडी मर्मत | सवारी साधन भाडा | सवारी साधन मर्मत | २६१२१५ |
| २०३-११।३ | इन्धन खरिद | सवारी साधन भाडा | इन्धन | ४८६००७ |
| २४२-११।१५ | मोटरसाइकल मर्मत | सामान ढुवानी खर्च | सवारी साधन मर्मत | २०२२०४ |
| २९५-१२।१४ | इन्धन खरिद | सवारी साधन भाडा | इन्धन | ४२७६४ |
| ६०२-३।२३ | संचार खर्च | विमा तथा नविकरण | सूचना तथा संचार खर्च | १५५०० |
| ३२८-१०।४ | मोटरसाइकल मर्मत | राजश्व संकलन तथा परिचालन | सवारी साधन मर्मत | १४२९९८ |
| ४४५-१०। | सवारी साधन मर्मत | राजश्व संकलन तथा परिचालन | सवारी साधन मर्मत | २००६६५ |
| ३२८-१०।४ | O&M Survey | पालिका भवन मर्मत तथा संभार | परामर्श सेवा | ४९७२०० |
| जम्मा | | | | १८४८५५३ |

| अनियमित भएको | १८,४८,५५३ |
|---|---|

३४ **एकीकृत पूर्वाधार विकास कार्यक्रम**

ठेक्का नं 2/TRM/UDA/NCB/2077-78 गाउँपालिकाले ५ शैयाको अस्पताल निर्माणको लागि २०७८।०१।३० (१३ मे २०२१) मा रौताहा कन्स्ट्रक्सन प्रा.लिसँग रु.५३४९८६००।२८को मिति २०८१।३।२५ मा कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा चौथो रनिङ विलसम्म रु ४२३६७९००।३३ मूल्य समायोजन रु.४८१००५९।७० समेत जम्मा रु.४७१७७९६०।०३ भुक्तानी भुक्तानी भएको देखिन्छ । यो बर्षको अन्त्यसम्म निर्माण कार्यको करिव ७९ प्रतिशत वित्तीय तथा ८२ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । भौतिक तथा वित्तिय प्रगति स्ट्रक्चरको कार्य पुरा भएको सवै व्लकको फिनिसिङ्ग , सेनिटरि र इलेक्ट्रिफिकेशनको कार्य वाँकी रहेको देखिन्छ । पालिकाले म्याद थप भएको अवधिमा निर्माण कार्य सम्पन्न गरी अस्पतालवाट सेवा प्रवाह गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ को उपनियम २(ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामाग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नु पर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी सोही आधारमा मूल्य समायोजन भुक्तानी हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसंगको संझौताको SCC को ४५.१ मा मुल्य समायोजन बढीमा १० प्रतिशत सम्म दिने उल्लेख गरी संझौता गरेकोमा चौथो रनिङ बिल सम्ममा रु ४२३६७९००।३३ भुक्तानी भएकोमा सोको १० प्रतिशत रु.४२३६७९०।०० भुक्तानी गर्नुपर्नेमा रु ४८१००५९।७० भुक्तानी गरेकोले रु. ५७३२६९।७० मूल्य समायोजन रकम बढी भुक्तानी गरेको देखियो । संझौतामा उल्लेख भए भन्दा रु. ५७३२६९।७० बढी मुल्य समायोजन भुक्तानी गरेकोमा एकिनगरी असुल गर्नुपर्ने रू.

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ३४.१ | भुक्तानी दिएको देखियो । संझौतामा उल्लेख भएको भन्दा मुल्य समायोजन वापतको बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु | ५७३,२६९ |

| प्रमाण पेश नगरेको | ५,७३,२६९ |
|---|---|

३५ **यारी खोला सतिजानगर मोटरेवल पुल**

यारी खोला सतिजानगर मोटरेवल पुल निर्माण कार्यको लागि आर्यन विएम वि शाही जे भिसँग २४ महिना भित्र कार्य सम्पन्न गर्ने गरी २०८१।१।९ मा रू.३४८९६२४७।८०को सम्झौता गरी २०८१।२।१८ मा रू. ३००००००।०० पेस्की तथा प्रथम रनिङ्ग विलरु ७५,७१,४७९.९७ भुक्तानी दिएको छ । उक्त पुल योजनाको बायाँ तर्फको एबुन्टमेन्टमा कडा चट्टान भेटिएकोमा भेरिएसन आदेश जारी नगरी कोटेशन मार्फत सोही निर्माण व्यसायीबाट कार्य गराई रु २६१६३२।०० भुक्तानी दिएको देखियो । भेरिएसन आदेश नगरी कोटेशन मार्फतको कार्य कार्यपालिकाबाट स्वीकृत भए तापनि थप कार्य गर्नुपर्ने सम्वन्धमा विशेषज्ञ टोलीबाट जाँच गराउनु पर्नेमा सो गराएको देखिएन। पुल ठेक्कामा कडा चट्टान कटिङ्गको थप कार्य भेरिएसन आदेश जारी नगरी कोटेशनबाट सोही निर्माण व्यवसायीबाट गराउने कार्य नियन्त्रण हुनु पर्दछ ।

निर्माण कार्यतालिकाः उल्लेखित निर्माण व्यवसायि सँग भएको सम्झौताको विशेष शर्तको वुँदा ३४.३ मा निर्माण व्यवसायिले हरेक ९० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु.१,००,०००।- का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ। उल्लेखित निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन। सम्झौताका शर्त वमोजिम कार्यतालिका तोकिएको समयमा पेश नगरेकाले भुक्तानी रोक्का राख्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

## ३६ सिमाभन्दा वढि कन्टिनजेन्सी खर्च

कोशी प्रदेश समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ११ (६) मा समपुरक अनुदानमा सञ्चालन गरिने परियोजनामा कन्टिजेन्सी बापत लागतको २ प्रतिशत भन्दा बढी राख्न नपाइने व्यवस्था छ । यो बर्ष पालिकाले प्रदेश समपुरक अनुदानवाट फुस्रे पिपलभन्ज्यांग लिम्पाटार सडक स्तरोन्नति, ताप्ली का लागि रु. १७००,०००।०० बजेट खर्च गरेकोमा सोको २ प्रतिशतले हुने रु ३४०००।०० मात्र बजेट खर्च गर्नुपर्नेमा रु २५३०००।०० खर्च गरेको देखिएकोले रु २१९०००।०० बढी खर्च लेखेकोले कार्यविधिमा भएको व्यवस्था भन्दा वढि कन्टीजेन्सी खर्च गरेको असुल गरी प्रदेश संचितकोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१९,००० |

## ३७ विभाज्य कोष

प्रदेश आर्थिक ऐन, २०८० को दफा ६ अनुसार पालिकाले प्राप्त गर्ने आयमध्ये विज्ञापन कर तथा मनोरञ्जन कर बापत प्राप्त आयको ४० प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। मनोरञ्जन कर बापत असुल भएको रु. ७०००।०० मिति २०८०।१२।०२ मा आम्दानी जनाएकोमा सो को ४० प्रतिसत रु २८००।०० प्रदेश विभाज्य कोषमा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८०० |

## ३८ इन्धन खर्च

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन,२०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी पिकअप ३, ट्र्याक्टर १, एम्वुलेन्स १,व्याकहो लोडर१ समेत ६ वटा चारपांग्रे गाडी र मोटरसाइकल/स्कुटर १४ वटा चालुहालमा रहेकको समेतलाई यस वर्ष कार्यालय प्रयोजनार्थ रु.१९,६७,२८५/- इन्धन खर्च गरेको छ ।कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कार्यविधि तयार गरी खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।

## ३९ भ्रमण अभिलेख

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने उल्लेख छ भने नियम १८ मा भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ ।त्यस्तै स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १६ मा मेयर/ अध्यक्षबाट प्रमुख प्रशासकिय अधिकृतलाई काज खटाउन सक्ने व्यवस्था छ ।पालिकमा यस वर्ष अनुगमन तथा दैनिक भ्रमण भत्तामा रु २४,०२,३३६/- खर्च लेखेको पाइयो । प्रमुख प्रशासकिय अधिकृतलाई जिल्ला वाहिर काज खटाउदा अधक्ष्यबाट स्विकृत लिएको पाइएन।भ्रमण अभिलेख नराखेको तथा भ्रमण आदेश दर्ता भएको पाइएन भने भ्रमण प्रतिवेदन २/४ वटा बाहेक अधिकंशले प्रतिवेदन पेश गरेको पाइएन ।ऐन नियममा भएको व्यवस्था पालना हुनु पर्दछ।

४० **टुक्रा पारी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्रबाट खरिद कार्य गराउनु पर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामान खरिद सम्बन्धि कार्य पटक पटक गरी रु १४,९७,५५५/- सिधै खरिद गरेको देखिएको छ । ऐनको प्रावधान कार्यान्वयन नगरी टुक्रा पारी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक खरिद नियमावली वमोजिम खरिद कार्य गर्नु पर्ने देखिन्छ ।

४१ **निर्देशिका विपरित कक्षा संचालन**

२२७ – ११।९ एमआइएस अपरेटर अविनास सेनले व्यतिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि ५ दिन लातिम संचालन गरी रु १ लाखको पेश्की फछर्यौट गरेकोमा अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिकामा १ दिनमा ४ वटा कक्षा १ घण्टा ३० मिनेटको २० कक्षा मात्र लिन सकिनेमा १ घण्टाको कक्षाको सेडुल बनाइ ६ जनाबाट ३० कक्षा संचालन गरी रु ३००००।०० भुक्तानी भएकोले निर्देशिका विपरित भुक्तानी भएको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३०,००० |

४२ **प्रमाण कागजात पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने वील भपाई प्रमाण र कागजात सम्लग्न हुनुपर्ने उल्लेख छ। पालिकाले देहायका फर्म/संस्थाबाट गाडी तथा मोटरसाइकल मर्मत गरेकोमा लागत अनुमान, मर्मत आदेश तथा जिन्सि दाखिला नभएकोले र मर्मतमा गाडी नंम्वर नखुलेकोले मर्मत आदेश तथा गाडी नं. खुलेको लागत अनुमान पेश हुनुपर्ने रू.

| भौनं मिति | विवरण | रकम |
|---|---|---|
| १७-। | दिप्सा हार्डवेयर एण्ड सप्लायर्स सवारी मर्मत | १०७०७६ |
| ५७-६।३० | जगदम्बा कन्स्ट्रक्सन सवारी मर्मत | २००००० |
| ७५-। | नर्सिङ्ग अटो प्लाजा सवारी मर्मत | ८७३६१ |
| १८४-१०।२९ | गणेश सप्लायर्स ट्रेर्डससवारी मर्मत | ३८३६१ |
| ३४६-१।१६ | गणेश सप्लायर्स ट्रेर्डस सवारी मर्मत | ३८९१२ |
| ३४७-१।१६ | गणेश सप्लायर्स ट्रेर्डस सवारी मर्मत | १२५०० |
| जम्मा | | ४८४२१० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८४,२१० |

४३ **दायित्व भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुबर्षीय खरिद र बिशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी बर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ ।साथै नियमावली, २०७७ को नियम ३९ को

उपनियम २ मा कार्यालयले चालु आर्थिक बर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन भनी उल्लेख गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुरुप गतबर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी(म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस बर्षको बजेटमा समेत गत बर्षको भुक्तानी दिन बाँकीको व्यबस्था गरी ४७ वटा योजनाको रु.१,०३,५२,५०३.४२ भुक्तानी दिएको छ । यसरी चालु आर्थिक बर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना हुने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | खर्च |
|---|---|---|
| १ | दिर्घ रोगी औषधी उपचारखर्च | ४५,०००.०० |
| २ | राजश्व परामर्श समितिबैठक भत्ता | २३,०००.०० |
| ३ | शिक्षा समितिको बैठकभत्ता | १,०६,०००.०० |
| ४ | न्यायिक समितिको बैठकभत्ता | ९२,०००.०० |
| ५ | नेट महशुल | २,३३,६४४.५० |
| ६ | नागरिक स्वास्थ्य बिमाकार्यक्रम | ९,९७,५००.०० |
| ७ | मसलन्द तथा कार्यालयसामाग्री | १,१०,०००.०० |
| ८ | सेवा र परामर्श खर्च | २,००,०००.०० |
| ९ | सेवा र परामर्श खर्च | १८,००,०००.०० |
| १० | पुल हेरालु पारिश्रमिक२ जना | ६,०००.०० |
| ११ | बहुक्षेत्रिय पोषणकार्यक्रम ५ नं वडा | ५०,०००.०० |
| १२ | लालिगुँरास महिला समुहसहकारी दर्ता तथा व्यवस्थापन | ५०,०००.०० |
| १३ | मा बि कटहरे बिषयकक्षा व्यवस्थापन (गणित प्रयोगशाखा ) कार्यक्रम | १,४०,०००.०० |
| १४ | द्वन्द पिडितहरुकोतथ्याङ्क संकलन | १,५०,०००.०० |
| १५ | २ नं वडा बालबालिकापोषण कार्यक्रम | ७५,०००.०० |
| १६ | मा बि कटहरे छात्राबाससञ्चालन | १,३५,०००.०० |
| १७ | आदिबासी जनजातीकार्यक्रम | ५,६०,०००.०० |
| १८ | नबौ राष्ट्रिय खेलकुदप्रतियोगिता प्रदेश छनौट कार्यक्रम | २०,०००.०० |
| १९ | २ नं वडा चौथोत्रैमासिक वडा सुविधा | १,०६,७८९.०० |
| २० | अनुगमन, मूल्यांकनखर्च | ६६,१८०.०० |
| २१ | बिविध खर्च | ३०,०००.०० |
| २२ | विविध खर्च | २७,९५०.०० |
| २३ | विविध खर्च | ६९,५००.०० |
| २४ | परजिबी नियन्त्रण तथाऔषधी खरिद तथा रेबिज भ्याक्सिन खरिद | १,७०,०००.०० |
| २५ | सवारी साधन तथा मेशिनरऔजार भाडा | १७,५००.०० |
| २६ | कार्यालय व्यवस्थापनफर्निचर तथा फिक्चर्स | ८,६१,०८२.०० |
| २७ | फर्निचर तथा फिक्चर्स | ७,९१०.०० |
| २८ | मा बि झिल्के पोखरीफर्निचर निर्माण | ७२,२५९.१५ |
| २९ | वडा सडक मर्मत ताप्ली१,४,५ | ९,५९,२०९.६० |
| ३० | वडा स्तरिय सडक मर्मत (१,२,३,४,५) | २,९९,४६०.४१ |
| | | |

| | | |
|---|---|---|
| ३१ | राकुला खोला लघुजलबिधुत मर्मत ताप्ली -४ ठानागाउँ उदयपुर | १,९२,०००.०० |
| ३२ | सौर्य उर्जा खानेपानीयोजना | ३,३३,१२४.०० |
| ३३ | रुपाटार खानेपानीट्यांङ्की मर्मत | ९९,०००.०० |
| ३४ | ठानागाउँ खानेपानीमर्मत | १,४४,०००.०० |
| ३५ | मा बि ताप्ली चिसापानीमर्मत ताप्ली -२ लेखगाउँ | १,६०,९१०.६६ |
| ३६ | आ बि(१-८) थुम्कीपिपलबजार स्कुल फिल्ड मर्मत | ९६,०००.०० |
| ३७ | श्री पञ्चावती आ बिरामपुर पक्का घेराबेरा | १,०१,०००.०० |
| ३८ | गाउँ बेसी राईस मिल | १,४४,०००.०० |
| ३९ | नमुना कृषि कार्यक्रम | ३,३७,०७६.६१ |
| ४० | वडा कार्यालयको चर्पीनिर्माण | २,८६,५०२.५६ |
| ४१ | आ बि (१-८) तामाखर्कभुई प्लाष्टर मर्मत ताप्ली-२ लेखगाउँ | ४८,०००.०० |
| ४२ | तामाखर्क आ बि (१-८)घेराबेरा , ताप्ली -२ लेखगाउँ | ६३,६९२.८१ |
| ४३ | स्वास्थ्य चौकीठानागाउँ बैठक कक्ष निर्माण | २,८४,०००.०० |
| ४४ | २ तले चार कोठे भवनरंग रोगन मा बि चिसापानी ताप्ली २ लेखगाउँ उदयपुर | २,४२,२१२.१२ |
| ४५ | अन्य सार्वजनिकनिर्माण | ४८,०००.०० |
| ४६ | आधारभुत विद्यालयथुम्की पिपलबजार कक्षाकोठा प्लाष्टर ताप्ली ४ ठानागाउँ | १,९२,०००.०० |
| ४७ | किँरात राईस मिलनिर्माण | १,००,०००.०० |
| कुल जम्मा | | १,०३,५२,५०३.४२ |

४४ **मिनि ट्रिलर**

गाउँपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ ।पालिकाले गो.भा.न. १६३\०८१\३\१३ समपुरक कोष शिर्षकबाट ४ थान मिनि ट्रिलर खरिद गरी जय श्री बालाजी ट्रेडिङ्ग, मोरङ्गलाई रू.२९६००.०० भुक्तानी गरेको छ ।उक्त मिनि ट्रिलर खरिद गरी जिन्सी दाखिला गरेतापनि लेखापरीक्षणको क्रममा १ थान मौज्दात बांकी रहेको देखिन्छ । यसरी मौज्दात रहने गरी आवश्यक्ताको पहिचान बेगर खरिद गर्नु हुदैन । अतः सोको हस्तान्तरण तथा उपयोग अवस्था नदेखिएकोले सो मौज्दात बांकी सामाग्रीको हस्तान्तरण तथा प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रू.

| खरिद | परिमाण | दर | जम्मा मुल्य |
|---|---|---|---|
| Mini Triller(with Casual/pad wheel 7 HP Petrol Engine) | १ थान | ७४०००.०० | ७४०००.०० |
| जम्मा | | | ७४०००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,००० |

४५ **शीर्षक फरक पारी खर्च**

गाउँपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था

छ ।नमुना छनौटको रुपमा हेर्दा पालिकाले निम्नानुसारको फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ। विनियोजित बजेट सम्बन्धित खर्च शिर्षकको अधिनमा रही खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।नमुना छनौटका रुपमा हेरिएका केही भौचरहरुमा फरक शीर्षकमा खर्च गरेको रु. ९०११७४.४६ रकम नियमित देखिएन रू.

| भौचर नं. र मिति | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| ११\०८०\८\२९ | गाउँपालिका सडक मर्मत | ३०००००.०० | ईन्धन वापत सुनकोशी आयल स्टोर्सलाई भुक्तानी |
| १३\०८०\९\१३ | कार्यालयमा आवश्यक पर्ने विद्युतीय सामाग्री खरिद तथा मर्मत | १२८०८५.५० | फिनेल, हार्पिक, पोछा लगायतका सामाग्री खरिद |
| १६\०८०\९\१५ | गाउँपालिका सडक मर्मत | २९६५१२.९६ | सवारी साधन मर्मत वापत भुक्तानी |
| ११८\०८१\२\१९ | गाउँपालिकाको सडक मर्मत | २१६२५.०० | ट्याक्टर मर्मत वापत हिमाल वर्कसपलाई भुक्तानी |
| १४९\०८१\३\११ | गाउँपालिकाको सडक मर्मत | १०८९०१.०० | बर्दिबास मोटर्स पार्टस एण्ड ईन्जिनियरिङ्ग वर्कशप प्रा.लीलाई सवारी मर्मत वापत भुक्तानी |
| २०४\०८१\३\२१ | मोटरसाइकल खरिद | ४६०५०.०० | बर्दिबास मोटर्स पार्टस एण्ड ईन्जिनियरिङ्ग वर्कशप प्रा.लीलाई सवारी मर्मत वापत भुक्तानी |
| **जम्मा** | | ९०११७४.४६ | |

| अनियमित भएको | ९,०१,१७४.४६ |
|---|---|

४६ **पूँजिगतबाट चालु प्रकृतिको खर्च**

गाउँपालिका पुंजीगत- एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ अनुसार चालु प्रकृतिका खर्च चालु खर्च शिर्षकवाट र पुँजीगत खर्च पुजीगत खर्च संकेतवाट खर्च लेख्नुपर्नेमा चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत देखिएन ।यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पूँजिगत बजेटमा समावेश गरी खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शिर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो। यसमा कार्यालयले सुधार गर्नुपर्दछ। केही उदाहरण देहायअनुसार छन :-

| भौ.न.\मिति | भुक्तानी पाउनेको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १२\०८०\९\८ | श्री पद्मावती सप्लायर्स एण्ड ट्रेडर्स, कटारी | टेप,तार, बल्ब, ट्युबलाई लगायतका सामाग्री खरिद | २५८०० |
| | श्री सम्झना सप्लायर्स एण्ड ट्रेडर्स, कटारी | | ४२०९० |
| ४५\०८०\११\१५ | श्री सम्झना सप्लायर्स एण्ड ट्रेडर्स, कटारी | डिस्टिलर वाटर लगायत अन्य | २४६५० |
| ६४\०८०\१२\५ | त्रि युवा इन्टरप्राइजेज प्रा.ली. | सुचना तथा संचार सम्बन्धि खर्च | ४९५०० |
| ९१\०८०\१२\३० | गणेश राई | थाल, गिलास, पेट्रोल, तार लगायत अन्य | ४८५१५ |
| ९४\०८१\१\२ | ठाकुर ब. मगर | तलब भत्ता | ८०००० |
| १०८\०८१\२\१७ | उदयपुर मिडिया एजेन्सी | सुचना संचार तथा मिडिया | १५००० |
| | पुर्णपुष्टि | सुचना संचार तथा मिडिया | १५००० |
| **जम्मा** | | | ३००५५५.०० |

४७ **HDPE पाइप खरिद**

गाउँपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको

आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ । पालिकाले निम्न गोश्वारा भौचरबाट एच.डि.ई.पी.(खानेपानी) पाइप रू.२,९९,१३३.६० मा खरिद गरी जिन्सी दाखिला गरेको छ भने सोको मौज्दाता बांकी नरहेको देखाउको छ । तर उक्त पाइपहरुको उपयोग\प्रयोग कुन ठाउ तथा चेनेजमा भएको हो सोको खुल्ने नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त खरिदको उपयोग प्रति एकिन गर्न सकिएन तर्सथ उक्त एच.डि.ई.पी.(खानेपानी पाइप) पाईप कुन स्थान तथा चेनेजमा जडान गरिएको हो सो खुल्ने प्रमाणित मेजरमेन्ट र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| गो.भा.न\मिति | योजना | विवरण | साइज | परिमाण | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १६१\०८१\३\१३ | रामपुर, गैरीगाँउ, शाहीडाँडा, राजदह खानेपानी पाइप व्यबस्थापन वडा-५ | HDPE Pipe 20 mm | PN16 NS-40 | 640 Mtr. | २९२८९.६० |
| | | HDPE Pipe 25 mm | PN12.5 NS-40 | 800 Mtr. | ४६९१७.६० |
| | | HDPE Pipe 32 mm | PN12.5 NS-40 | 800 Mtr. | ७४३०८.८० |
| | | HDPE Pipe 40 mm | PN12.5 NS-40 | 700 Mtr. | १०२९८८.२० |
| | | HDPE Pipe 50 mm | PN12.5 NS-40 | 200 Mtr. | ४५६२९.४० |
| जम्मा | | | | | २९९१३३.६० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९९,१३३.६ |

## ४८ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ७३ जनालाई औसत ९९ दिनले रोजगारी उपलव्ध गराई रु.४८,४३,०००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ४९ विद्यालय अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि मापदण्ड निर्धारण गरेको छैन र आफ्नो मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । कार्यालयले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी वनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

## ५० स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न

सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १५९५ जना रहेका छन। पालिकाले १२८०० प्याकेट स्यानिटरी प्याड रु.९,७८, ०५६ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

## ५१ शिक्षक दरबन्दी र पदपुर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| विभिन्न ४१ विद्यालय | १७५ | १७५ | ८१ | ७३८४ |

## ५२ निशुल्क पाठ्यपुस्तक

कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो पटक निकासा रु २०,१३,३२५।०० विभिन्न ४१ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँविद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेरमात्र निकासा दिनु पर्दछ।दोस्रो निकासा विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि रु ३,८०,७५५।०० गरिएको छ। पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ ।

## ५३ बिलभरपाई नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९( ५ ) बमोजिम कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । गाउँपालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो । तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| मिति।गौ.भौ.नं | खर्चको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ३१/२०८१।०३/१३ | क्यालेन्डर प्रकाशन वापत | सन्जु कुमारी दाहाल | १०००००० | खर्चको बिल भरपाई तथा प्रमाण कागजात पेश नभएको |
| | | जम्मा | १०००००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

## ५४ दिवा खाजा

कार्यक्रम कार्यान्वन पुस्तिका २०८९।०८० अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रतिविद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने । स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएका विद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको

सुनिश्चित गर्ने । सवै विद्यालयका प्रधानाध्यापकहरुको बैठक राखी रहेको दिवा खाजा व्यवस्थापन पुस्तिका २०७७ जानकारी गराउने र सम्भव भए सम्म स्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजिकरण गर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष दिवा खाजा वापत ४१ विद्यालयलाई रु ५०,८६,८५२।०० भुक्तानी दिएको छ । पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाट प्रभावकारीरुपमा अनुगमन गर्नु पर्दछ।

५५ **कक्षा ८ को परीक्षा सन्चालन खर्च**

कार्यक्रम कार्यान्वयन पुस्तिका ०८०/८१ अनुसार राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरीएको कक्षा ८ को परीक्षा सञ्चालनसम्बन्धी मार्गदर्शन समेतका आधारमा परीक्षा संचालन गर्न प्रति विद्यार्थी रु. २७५ दिने उल्लेख छाI EMIS तथ्यांक अनुसार गाउँपालिकामा अध्ययनरत कक्षा ८ को विद्यार्थी संख्या २७० जना भएको र उक्त संख्याको आधारमा परीक्षा संचालन खर्च रु. ७४२५०।०० हुनु पर्नेमा रु.१०००००।०० खर्च भएकोले मार्गदर्शनले तोके भन्दा बढी खर्चको कार्यक्रम तय गरी भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २५,७५० |

५६ **औषधि व्यवस्थापन**

यस कार्यालयबाट खरिद भएका ५ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।

| औषधिको नाम | गत वर्षको मोज्दात | पालिकाबाट खरिद | स्वास्थ्य कार्यालयबा प्राप्त | जम्मा आम्दानी | खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|---|
| Paracetamol 500mg | 1860 | 70000 | 16500 | 88360 | 80000 | 8360 |
| Vitamin B complex | 0 | 40000 | 5000 | 45000 | 42600 | 2400 |
| Amoxycillin 500mg | 750 | 30000 | 5000 | 35750 | 32700 | 3050 |
| Ciprofloxacin 500mg | 1900 | 28000 | 6500 | 36400 | 32700 | 3700 |
| Metronidazole | 850 | 20000 | 7000 | 27850 | 25000 | 2850 |

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ, भने जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउने तर्फ ध्यान दिनुपर्दछ।

५७ **बाख्रापालन प्रबर्द्धन**

७।२०८१।३।२२ प्रदेश सरकारबाट हस्तान्तरित बाख्रापालन प्रबर्द्धन कार्यक्रम अन्तर्गत पेश भएको प्रस्तावनाका आधारमा छनौट गरी भिजन उन्नत बाख्रापालन समुहलाई बाख्रा प्रर्वद्ध कार्यक्रमको खोर निर्माण तथा अन्य कार्यको रु ९६०००००।०० भुक्तानी गरेको छ । विल भरपाई साथ पेश भएको ३ वटा बोका प्रति केजी १२०० का दरले ७०८०० प्रतिगोटाको रु २१२४००।०० तथा १४ वटा पाठि ३७५००।००का दरले रु ५२५०००।०० खरिदको विलमा ५९ तथा ३७ केजी उल्लेख गरी खरिद गरेकोमा सो तौल खुल्ने उच्च नश्लको ब्रिडिङ्ग क्षमता तथा निरोगिता प्रमाणित कागजात २०८१।३।३ मा पेश भएको थियो । मिति २०८१।८।८ मा ईन्टोटोक्सिमिया नमक फुड प्वाईजन सम्वन्धी माहामारीले रु ३७५००।०० दरका ३ थान बाख्रा मरेकोमा बाख्रापालन प्रबर्द्धन कार्यक्रममा जोखिम बहन गर्नेगरी विमा कार्यक्रम समावेश नगरी कार्यक्रम गरेको नियमसम्मत देखिएन । जोखिम बहन गर्नेगरी विमा कार्यक्रम अनिवार्य नगर्दा किसानलाई माहामारीले मरेका ३ बाख्राको रु ११२५००।०० थप व्ययभार परेकोले बाख्रापालन प्रबर्द्धन कार्यक्रमको निरन्तरता तथा प्रभावकारिता सम्वन्धमा अनुगमन हुनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | १,१२,५०० |

## ५८ **सामाजिक सुरक्षा भत्ता वितरण स्थिति**

५८.१ सामाजिक सुरक्षा विवरण- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि यो बर्ष नेपाल सरकारबाट प्राप्त बजेट मध्ये रू.५,३७,६८,३९०.०० खर्च देखाई आर्थिक विवरण पेश गरेको छ ।पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको औषत निकाली तुलनात्मक अवस्था निम्न रहेको देखिन्छ ।

| **लक्षित समुह** | **आ.ब. २०७९।८० को चार त्रैमासिकको औसत सँख्या** | **आ.ब. २०८०।८१ को चार त्रैमासिकको औसत सँख्या** | **भत्ता दर** |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | ५९० | ७५७ | ४००० |
| अन्य ज्येष्ठ नागरिक(दलित) | १०३ | ८६ | २६६० |
| ज्येष्ठ नागरिक(महिला) | १३१ | १०२ | २६६० |
| बिधवा | १४९ | १४४ | २६६० |
| पुर्ण अपाङ्ग क बर्ग | ६१ | ६५ | ३९९० |
| आंशिक अपाङ्ग ख बर्ग | ६४ | ६६ | २१२८ |
| बालबालिका | १९१ | १३८ | ५३२ |
| लोपोन्मुख जाति | ० | ० | ३९९० |
| जम्मा | १२८९ | १३५८ | |

५८.२ सामाजिक सुरक्षा त्रैमासिक वितरण- सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा बार्षिक प्रतिवेदन अनुसुची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।यस नियम बमोजिम उक्त अनुसुची अनुसार प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गरेको संख्या र रकम निम्न अवस्थामा रहेको पाइयो ।

| लाभग्राही शिर्षक | पहिला त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ७६८ | ९१६१६३० | ७५८ | ९०४५७४७ | ७५२ | ८९१७९४५ | ७८८ | ९२७७२६० |
| जेष्ठ नागरिक भत्ता (दलित) | ९५ | ७३४१६० | ९६ | ७६२५०३ | ९६ | ७६६०८० | ९२ | ७३१५०० |
| जेष्ठ नागरिक एकल महिला | १०८ | ८५१३७७ | १०८ | ८६१८४० | ११२ | ८८५७८० | १०० | ७९५३४० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | १४२ | ११२५१८० | १४४ | ११३३२४९ | १४७ | ११५४४४० | १५३ | ११९७००० |
| पूर्ण अपाङ्गता भत्ता | ७१ | ८४९८७० | ७१ | ८४९८७० | ७१ | ८४९८७० | ७४ | ८५९९७८ |
| अति अशक्त अपाङ्गता भत्ता | ८६ | ५४२६४० | ८६ | ५४९०२४ | ८६ | ५४९०२४ | ८७ | ५४२३७४ |
| दलित बालबालिका | १२२ | १८८३५८ | १२२ | १८८२९२ | १३३ | १९६९७२ | १२९ | १९९३६२ |
| लोपन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १३९२ | १३४५३२१५ | १३८५ | १३३९०५२५ | १३९७ | १३३२०१११ | १४२३ | १३६०२८१४ |

५८.३ नागरिकता नम्बर एकै भएका लाभग्राही- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने सम्बन्धि व्यबस्था रहेको छ । नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ५ वटा वडा मध्ये १ र ५ वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

| **प्रथम त्रैमासिक** | | | | | |
|---|---|---|---|---|---|
| **क्रस** | **वडा नं.** | **लाभग्राही नाम** | **ना.नं.** | **व्यक्तिगत परिचय नं.** | **रकम भुक्तानी** |
| **1.** | 1 | Brikha Bahadur Hamal | 67 | 1993120800284 | 12000 |
| **2.** | 1 | Bishnu Kumari Sen | 67 | 2013123008808 | 7980 |
| **3.** | 5 | Lok Kumari Raskoti | 4/524 | 2011121102839 | 12000 |
| **4.** | 5 | Prithi Bahadur Magar | 4/524 | 2011120803189 | 12000 |
| **5.** | 5 | Krishna Kumari Jyoo | 4\|435 | 2005123024322 | 12000 |
| **6.** | 5 | Ratna Bir Magar | 4\|435 | 2000123065169 | 12000 |

५८.४ बैंक रुजु तथा परीक्षण- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैँकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैँकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण गर्ने सम्बन्धित बैँकबाट एक आर्थिक बर्ष वा सो भन्दा बढी समयसम्ममा एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गरी उक्त लाभग्राहीहरुको सुक्ष्म तरिकाले छानबिन गरी एकिन गरेको देखिदैन ।अतः उक्त लाभग्राहीहरुको विवरण अनुसुची ११ बमोजिम माग गरी वडा कार्यालय तथा पालिकाबाट एकिन पश्चात उक्त लाभग्राही निष्कृय रहेको अवस्थामा लगत कट्टा गर्नुपर्ने भए गरी बढी भएको रकम तथा निक्रिय रहेको खाताको रकम सघिँय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

५८.५ हिसाब भिडान - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन ।

सार्वजनिक सुनुवाईः स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

अनुगमनः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ताप्ली गाउँपालिका, उदयपुर , ताप्ली गाउँपालिका , उदयपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भक्त बहादुर राई | २०७९-१०-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Tikaram Bishwakarma | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २२१,८०० | ७,१२२,५५०.४६ | ५,४५९,२०९.३६ | ० | ० | २,४९५,४२३.९३ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १५,२९८,९८३.७५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १५,२९८,९८३.७५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३२००४४८८.६१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६१२१२००० | चालु खर्च | २४७३३४१४४ |
| प्रदेश सरकारबाट अनुदान | १४९७६००० | पूँजीगत खर्च | ८००१४७५४.०९ |
| राजश्व बाँडफाँट | ६२७६०२२४.९४ | वित्तीय/अन्य व्यवस्था | १०९६९७८०८.१२ |
| आन्तरिक आय | २६६५९६२.०५ | | |
| अन्य आय | ८११८२३६९ | | |
| कुल आय | ४२२७९६५५५.९९ | कुल खर्च | ४३७०४६७०६.२१ |
| बाँकी मौज्दात | | १७७५४३३८.३९ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

२. वित्तीय प्रतिवेदन(म.ले.प.फा.नं २७०)

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ५,२२,०२,५३०.४१ | ० | ५,२२,०२,५३०.४१ | ५,५४,४६,९७७.५० | ० | ५,५४,४६,९७७.५० |
| १३००० | अनुदान | | २५,६९,९६,४०२.१८ | ० | २५,६९,९६,४०२.१८ | २९,९५,७८,१७६.८१ | ० | २९,९५,७८,१७६.८१ |
| १४००० | अन्यराजस्व | | २९,९७,३७०.०४ | ० | २९,९७,३७०.०४ | ४,३७,३५०.०० | ० | ४,३७,३५०.०० |
| १५००० | विविधप्राप्ति | | ३,१३,१३२.०० | ० | ३,१३,१३२.०० | ० | ० | ० |
| क | **कुलजम्मा प्राप्ति** | | ३१,२५,०९,४३४.६३ | | ३१,२५,०९,४३४.६३ | ३५,५४,६२,५०४.३१ | | ३५,५४,६२,५०४.३१ |
| ३ | चालु | | २४,७३,३४,१४४.०१ | ० | २४,७३,३४,१४४.०१ | २३,६८,६२,३३३.१७ | ० | २३,६८,६२,३३३.१७ |
| २१००० | पारिश्रमिक / सुविधा | | १४,७०,४४,८३०.०५ | ० | १४,७०,४४,८३०.०५ | १३,३२,९९,८९१.४७ | ० | १३,३२,९९,८९१.४७ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | ७,९६,५३,५८८.६८ | ० | ७,९६,५३,५८८.६८ | १०,०९,८४,०३७.७० | ० | १०,०९,८४,०३७.७० |
| २५००० | सहायता (Subsidy) | | ९३,९५,९६३.८३ | ० | ९३,९५,९६३.८३ | ० | ० | ० |
| २७००० | सामाजिकसुरक्षा | | ८५,०६,५४६.४० | ० | ८५,०६,५४६.४० | १८,८९,९१५.०० | ० | १८,८९,९१५.०० |
| २८००० | अन्यखर्च | | २७,३३,२१५.०५ | ० | २७,३३,२१५.०५ | ६,८८,४८९.०० | ० | ६,८८,४८९.०० |
| ४ | पूंजीगत | | ८,००,१४,७५४.०९ | ० | ८,००,१४,७५४.०९ | १२,११,००,४२७.८० | ० | १२,११,००,४२७.८० |
| ३१११० | भवनतथा संरचना | | ५६,३६,२०१.२३ | ० | ५६,३६,२०१.२३ | ८५,३०,०८१.१७ | ० | ८५,३०,०८१.१७ |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ८४,५५,५८५.८८ | ० | ८४,५५,५८५.८८ | १,१३,७६,४३९.०० | ० | १,१३,७६,४३९.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ४,९९,१७२.०० | ० | ४,९९,१७२.०० | १६,२०,३४६.०० | ० | १६,२०,३४६.०० |
| ३११५० | सार्वजनिकनिर्माण | | ६,५४,२३,७९४.९८ | ० | ६,५४,२३,७९४.९८ | ९,९५,७३,५६१.६३ | ० | ९,९५,७३,५६१.६३ |
| ख) | **कुलजम्मा भुक्तानी** | | ३२,७३,४८,८९८.१० | | ३२,७३,४८,८९८.१० | ३५,७९,६२,७६०.९७ | | ३५,७९,६२,७६०.९७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ग) | **बचत /कमी (ग = क-ख )** | | (१,४८,३९,४६३.४७) | | (१,४८,३९,४६३.४७) | (२५,००,२५६.६६) | | (२५,००,२५६.६६) | |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | (९६,२७,०४८.१८) | | (९६,२७,०४८.१८) | २२,८७,९९९.७३ | | २२,८७,९९९.७३ | |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | | | | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | (२,४४,६६,५११.६५) | | (२,४४,६६,५११.६५) | (२,१२,२५६.९३) | | (२,१२,२५६.९३) | |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | | २,७५,७०,२२८.२४ | | २,७५,७०,२२८.२४ | ३,००,६६,१६५.९३ | | ३,००,६६,१६५.९३ | |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ३१,०३,७१६.५९ | | ३१,०३,७१६.५९ | २,९८,५३,९०९.०० | | २,९८,५३,९०९.०० | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ ।